जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १३७ २०८० साल पुस १४ गते शनिबार (30 Dec. 2023 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारको एक वर्ष : साझा... ३ पृष्ठमा : 'सङ्घीय सरकारले प्रदेश ... ३ पृष्ठमा सेनमा पनि ट्रम्पलाई राष्ट्रपतिक...

# खडक बालविवाह मुक्त पालिका



**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

सप्तरीको खडक नगरपालिकालाई शुक्रबार बालविवाह मुक्त पालिका घोषणा गरिएको छ । बालविवाह मुक्त घोषणा हुने खडक जिल्ला तथा मधेश प्रदेशकै दोश्रो पालिका हो । यसअघि सप्तरीको सुरुङ्गा नगरपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गरिएको थियो ।

मधेश प्रदेशका शिक्षा एवं सँस्कृति मन्त्री महेश प्रसाद यादवले शुक्रबार आयोजित एक समारोहबीच खडक नगरपालिकालाई बालविवाह मुक्त पालिका घोषणा गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि रहेका मन्त्री महेश यादवले बालविवाह मुक्त पालिका घोषणा लेखिएको ब्यानर अनावरण गरेर खडक नगरपालिकालाई बालविवाह मुक्त नगरपालिका घोषणा गरे ।

नगरपालिकाका मेयर जयप्रकाश चौधरीले बालविवाह मुक्त पालिका घोषणा गर्न नगरका सबै ११ वटै वडामा गरिएका विभिन्न कार्यक्रम र अभियानका क्रममा स्पष्ट सूचक प्राप्त भएकाले त्यसैकै आधारमा यस्तो घोषणा गरिएको बताए ।

सो अवसरमा मन्त्री यादवले सप्तरी आफ्नो गृहजिल्ला समेत भएको तथा प्रदेशमै बालविवाह मुक्त घोषणा हुने पहिलो र दोश्रो दुबै पालिका सप्तरीकै हुनु आफ्नो लागि पनि गर्वको विषय भएको बताए । उनले भविष्यमा सप्तरी बालविवाह मुक्त पहिलो जिल्ला बन्न समेत सफल होस् भन्ने शुभकामना दिए । उनले आफू मधेश प्रदेशलाई नै बालविवाह मुक्त प्रदेश बनाउन चाहेको र यसमा सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।

मेयर जयप्रकाश चौधरीले यसअघि नगरभित्रका ४१ सामुदायिक विद्यालय, १६ वटा आमा समूह, ११ वटा स्वास्थ्य चौकी, ३ वटा कृषक समूह र ५० वटा बालक्लब तथा नगर संजालले आ-आफ्नो स्थानबाट बालविवाह बिरुद्धको चेतनामूलक कार्यक्रमहरु अभियानकै रुपमा संचालन गरेको बताए ।

यस्तै पालिकामा बसोवास गर्दै आएका विभिन्न समुदायका प्रतिनिधी तथा अभिभावक समेतले सन्तानको २० वर्ष नपुगि विवाह नगर्ने गराउने, कतै भए रोक्ने र बहिष्कार गर्ने लगायतका प्रतिबद्धता समेत गरेको उनले बताए ।

उक्त पालिकामा ९ हजार ४ सय ३२ घरधूरी रहेको छ । प्रत्येक घरधुरीमा घरदैलो कार्यक्रम मार्फत समेत सचेतना कार्यक्रम गरिएको अभियानका सहयोगि संस्था सबल नेपालका सिनियर म्यानेजर अशोक साहले बताए ।

घोषणा सभामा प्रमुख प्रशासकीय अधिकृत हरेन्द्र कुमार श्रेष्ठले बालविवाह मुक्त नगगरपालिका घोषणा प्रतिवेदन २०८० प्रस्तुत गरे । घोषणासभाको बीचबीचमा विभिन्न विद्यालयका बालबालिकाहरुद्वारा सचेतनामूलक नृत्य, गित तथा नाटक प्रस्तु गरिएको थियो ।

खडक नगरपालिकाले २०८० साल भित्र बालबाविवाह मुक्त नगर घोषणा गर्ने लक्ष्यका साथ सबल नेपाल र सेभ द चिल्ड्रेनको सकार्यमा विभिन्न कार्यक्रमहरु संचालन गर्नुका साथै ११ वटै वडामा बालविवाह बिरुद्धको बृहत अभियान नै संचालन गरेको थियो ।

नगर प्रमुख चौधरीको अध्यक्षतामा आयोजित घोषणा सभामा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, नगर बाल संजालकी अध्यक्ष मन्जुला कुमारी साह, सेभ द चिल्ड्रेन मधेश प्रदेशका प्रमुख धन भुषाल, सबल नेपाल सप्तरीका अध्यक्ष जुना गिरी, पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, सुरुङ्गा नगरपालिकाका मेयर गिता चौधरी लगायतले बधाई तथा घोषणाको सफल कार्यान्वयनका लागि शुभकामना दिएका थिए ।

## इपिएस परीक्षा दिन नपाएको भन्दै भएको प्रदर्शनमा दुईको मृत्यु

काठमाडौँ, १३ पुस (रासस) ।

ललितपुरको बालकुमारीमा शुक्रबार भएको प्रदर्शनका क्रममा घाइते भएका दुई जनाको मृत्यु भएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवम् प्रहरी नायव महानिरीक्षक कुबेर कडायतले दुई जनाको मृत्यु भएको पुष्टि गर्नुभयो ।

महानिरीक्षक कडायतका अनुसार मृत्यु हुनेमा डोटीका २२ वर्षे वीरेन्द्र साह र दैलेखका २३ वर्षे सुजन रावत छन् । उहाँले उनीहरुको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको र अर्का एक जना घाइते भएको बताउनुभयो । घाइते रावतको उपचारको क्रममा किष्ट अस्पतालमा र शाहको पाटन अस्पतालमा मृत्यु भएको हो ।

कोरिया जानका लागि लिइने रोजगारी अनुमति प्रणाली (इपिएस) को परीक्षा दिन नपाएको भन्दै युवाहरुले शुक्रबार प्रदर्शन गरेका थिए । सो क्रममा आन्दोलनकारीले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला सवार गाडीमा आगजनी गरेका थिए । त्यसपछि भएको झडपका क्रममा उनीहरु घाइते भएका थिए । अनियन्त्रित भीडलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास र हवाइ फायर गरेको थियो ।

## ईपीएस परीक्षामा सामेल गराउन अदालतको आदेश

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ पुस ।**

कोरियन भाषाको (ईपीएस) परीक्षा दिन पाउनु पर्ने माग गर्दै आन्दोलन गरिरहेका सबैलाई परीक्षामा सामेल गराउन आदालतले आदेश दिएको छ ।

उच्च अदालत पाटनका न्यायाधीश चन्द्रमणि ज्ञवालीको एकल इजालसले शुक्रबार यससम्बन्धी रिटमा सुनुवाइ गर्दै आवेदन दिन इच्छुक सबैलाई सामेल गराउन आदेश दिएको हो ।

यसअघि पानी जहाज निर्माणको कामका लागि परीक्षा दिएर अनुत्तिर्ण भएका करिब २८ हजार परीक्षार्थीलाई पनि सामेल गराउन आदेश दिएको हो । यसअघि ईपीएस कार्यालयले अदालतको आदेश लिएर गएका १८ जनालाई मात्रै आवेदन भर्न

***बाँकी तीन पृष्ठमा***

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## चालिस हजार गाँजाको बिरुवा नष्ट

**दैनिक समाचारदाता**
**महोत्तरी, १३ पुस ।**

महोत्तरीको एकडारा गाउँपालिका ५ स्थित बहेडा गाउँमा लुकाई छिपाई रोपिएका ४० हजार गाँजाको बिरुवा प्रहरीले नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट बिहीबार खटिगएको प्रहरी टोलीले करिब चार बिगाहा क्षेत्रफलमा लगाइएको ती बिरुवा फँडानी गरेको हो ।

कार्यालयका प्रहरी उपरीक्षक प्रकाश मल्लले बहेडाको वनमा लुकाई छिपाई गाँजा खेती गरिएको भन्ने सूचनाका आधारमा २५ जनाको प्रहरी टोली खटिएर गाँजा उखेलेर नष्ट गरेको बताए ।

**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।**

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### विद्यालयलाई दण्डशाला नबनाऔं

होमवर्क नगरेको तथा बदमासी गरेको कारणले शिक्षकहरुले विद्यार्थीहरुलाई दिइने दण्डको मानसिकतामा परिवर्तन गर्न आवश्यक छ । बालमैत्री शिक्षक र शिक्षण हुनुपर्छ भनेर सरकारी तथा गैरसकारी निकायहरुबाट बारम्बार अभिमुखीकरण भइरहँदा अधिकतर शिक्षकले भने विद्यार्थीहरुलाई लठ्ठीले नै अनुशासित बनाउन सकिन्छ भने मानसिकता छोड्न सकेका छैनन् । गृहकार्य नगरेको निहुँमा, अनुशासन भंग गरेको बहानामा विद्यार्थीहरु अहिले पनि कुटिन्छन् । यसरी विद्यालय शान्ति क्षेत्र कागजी रुपमा मात्र कार्यान्वयन हुनु भनेको लज्जाको विषय हो । विद्यालय शान्ति क्षेत्रको अवधारणा दण्डरहित शिक्षा यसको मुख्य पाटोको रुपमा रहेको छ ।

यी यस्ता कारणले विद्यालयहरुलाई दण्डशालाका रुपमा परिणत हुनबाट बचाउन भने सकिएको छैन । नागरिक समाजले मात्र नभई सरकार स्वयंले विद्यालयमा शान्ति क्षेत्र बारे प्रतिबद्धताको चर्को आवाज उठाई रहेको बेला विडम्बना भने दोहोरिन्छ । विद्यालयमा अहिले पनि विद्यार्थीहरुले भयमुक्त वातावरणको पूर्ण रुपमा अनुभूति भने गर्न सकिरहेका छैनन् । विद्यार्थीमैत्री वातावरणको सृजना हुन सकिरहेको छैन । यसलाई कार्यान्वयन गराउनका लागि शिक्षा मन्त्रालय, शिक्षा विभाग र स्थानीय तहको मुख्य भूमिका रहन्छ ।

विद्यालय शान्ति क्षेत्रको अवधारणालाई प्रभावकारी ढंगले लागु पर्ने हो भने विद्यालयमा हुने दण्डका घटनाहरु न्यून हुँदै विस्तारै अन्त्य हुन सक्छ । तसर्थ यसका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ पनि उत्तिकै जिम्मेवार भई कार्य गर्नुपर्ने हुन्छ ।

# सरकारको एक वर्ष : साझा न्यूनतम कार्यक्रम कार्यान्वयन गर्न सरकार प्रतिबद्ध

काठमाडौँ, १३ पुस (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको वर्तमान सरकार सत्तागठबन्धनका क्रममा घोषित प्राथमिकता सहितको साझा न्यूनतम कार्यक्रम कार्यान्वयन गर्न प्रतिबद्ध देखिएको छ ।

सङ्घीय संसद्मा सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेस सहित नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी राष्ट्रिय जनमोर्चा नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल समाजवादी र आमजनता पार्टीका समर्थनमा बनेको सरकारले राजनीतिक दलहरूका तर्फबाट व्यक्त प्राथमिकता र साझा न्यूनतम कार्यक्रमलाई आत्मसात् गरेको देखिन्छ ।

गत वर्ष सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि माओवादी केन्द्रका अध्यक्ष दाहालका नेतृत्वमा बनेको सरकार संयुक्त सरकारको भावनालाई सम्मान गर्दै गत वर्ष चैतमा जारी न्यूनतम साझा कार्यक्रमप्रति प्रतिबद्ध देखिएको छ । सरकार गठनका क्रममा प्रतिबद्धता व्यक्त गरिएजस्तै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहित दिगो शान्ति, सुशासन, विकास, समृद्धि र अन्तर्राष्ट्रिय सम्बन्ध सुधारका पक्षमा सरकारले काम गरिरहेको सत्तारुढ दलका नेताहरू बताउनुहुन्छ ।

नेकपा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डे अनेकौं चुनौती र असहज परिस्थिति भए पनि केही गरौं भन्न भावनासहित संविधानको रक्षा, सुशासन र विकासका पक्षमा क्रियाशील वर्तमान सरकारलाई सर्वसाधारण जनताले महसुस गर्नेगरी अझ सक्रिय हुन सुझाव दिनुहुन्छ । जसपाका प्रवक्ता मनिष सुमन सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित कानुन निर्माणमा ढिलाइ भए पनि विकास निर्माणसहित सुशासनका पक्षमा सन्तोषजनक ढङ्गबाट काम गरिरहेको वर्तमान सरकारको ध्यान प्रहरी समायोजन, सङ्घीय निजामती र विद्यालय शिक्षा ऐन जारी गर्न केन्द्रित हुनुपर्नेमा जोड दिनुहुन्छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ सत्ताघटक राजनीतिक दलद्वारा जारी साझा न्यूनतम कार्यक्रमलाई केन्द्रमा राखेर उत्पादन, उत्पादकत्व वृद्धि र रोजगारीलाई प्राथमिकता दिई आवश्यक नीति तथा योजना तर्जुमा गर्न सम्बद्ध सबै मन्त्रालय एवं निकायलाई निर्देशन दिइसकिएको जानकारी दिनुहुन्छ । प्राप्त अवसरलाई सदुपयोग गर्दै देशवासीको जीवनस्तर सुधार गर्ने अठोट सहितको प्रधानमन्त्री दाहालको हुटहुटीलाई साकार बनाउन इमान्दार प्रयास हुने उहाँ बताउनुहन्छ ।

सरकारले एक वर्ष पूरा गरेका अवसरमा यही पुस १० गते देशवासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, संविधान र संसद्को रक्षार्थ भएका भावनानुरुप प्रतिनिधिसभाको पूर्ण कार्यकालको सुनिश्चिततासहित दिगो शान्ति, सुशासन, विकास र समृद्धिका पक्षमा सरकारका तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

सम्बोधनका क्रममा संयुक्त सरकारको प्राथमिकताबमोजिम गणतन्त्रको सुदृढीकरण र सङ्घीयता कार्यान्वयन गर्नेक्रममा सङ्घीय निजामती सेवा, प्रहरी समायोजन एवं विद्यालय तथा विश्वविद्यालय शिक्षा ऐन यथाशक्य छिटो ल्याइने प्रतिबद्धता व्यक्त गरिएको छ ।

सत्ता गठबन्धनका तर्फबाट जारी गरिएको साझा न्यूनतम कार्यक्रम कार्यान्वयनलाई प्राथमिकता दिँदै वर्तमान सरकारले संविधानको अनुसूचीमा रहेका क्षेत्राधिकारसँग सम्बन्धित सङ्घबाट बन्न बाँकी ऐन, कानुन प्राथमिकताका साथ निर्माण गर्ने, तीन तहबीचको सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा सञ्चालन गर्ने तथा प्रदेश एवं स्थानीय तहलाई सबल र अधिकारसम्पन्न बनाउन आवश्यक पहल गरिने प्रतिबद्धता व्यक्त गरेको छ ।

अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक दिशामा रहेको जनाउँदै प्रधानमन्त्री दाहालले आर्थिक मितव्ययितासहित उत्पादनमुखी अर्थतन्त्रमा जोड दिइ राजस्व सङ्कलन र पुँजीगत खर्च शीर्षकमा गुणात्मक फड्को मारी अर्थतन्त्रलाई थप गतिशील बनाउने उद्घोष गर्नुभएको छ । प्रधानमन्त्रीले पूर्वाधार आयोजनामा कम्तीमा दुई कार्यसमयमा काम गर्ने व्यवस्था मिलाइ ८० को दशक तीव्र विकासका दशकका रूपमा घोषणा गरी पूर्वाधार निर्माणमा जोड दिन लागेको बताउनुभएको छ ।

सम्बोधनका क्रममा अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रको मान, सम्मान र प्रतिष्ठा अभिवृद्धि गर्न सरकारले आगामी दिनमा आफ्नो कार्यशैली र कार्यप्रणालीलाई थप चुस्त, नतिजामुखी र नागरिकमैत्री बनाउने तथा कार्यक्षमता कमजोर भएका राजदूत तथा नियोग प्रमुखलाई फिर्ता बोलाउने एवं कार्यसम्पादनमा कमजोर देखिएका मन्त्रिपरिषद् सदस्यलाई समेत जिम्मेवारीबाट मुक्त गर्नेसम्मको उद्घोष गरिएको छ ।

प्रधानमन्त्री दाहालले बजेटको सिद्धान्त र प्राथमिकता आगामी फागुनभित्रै पेस गर्ने, उद्योग दर्तालाई सहजीकरण गरी एकद्वार प्रणालीलाई एक महिनाभित्र कार्यान्वयनमा ल्याउने र लगानी बोर्डको कार्यालयलाई थप अधिकारसम्पन्न बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

भैरहवा र पोखरा विमानस्थललाई सार्वजनिक निजी साझेदारी अवधारणामा अघि बढाउने, विश्वविद्यालयलाई राजनीतिक अखडाबाट मुक्त बनाउने, आगामी शैक्षिक वर्षदेखि सूचना प्रविधिका माध्यमबाट विज्ञान, गणित र अङ्ग्रेजी विषयको पठनपाठन सुरु गर्ने, सरकारी अस्पतालमा नर्सिङ, प्यारामेडिसिनलगायत शैक्षिक कार्यक्रम सञ्चालन गर्ने, बीमाको हालको रकमको दायरा वृद्धि गर्ने, हाल सञ्चालित सबै निःशुल्क कार्यक्रमलाई एकीकृतरूपमा स्वास्थ्य बीमामा आबद्ध गर्ने नीति सरकारले लिएको छ ।

साझा न्यूनतम कार्यक्रमको मर्म र भावनालाई आत्मसात् गर्दै आगामी वर्षदेखि किसानको सूचीकरणका आधारमा अनुदानमा मल बीउ वितरण गर्ने, प्रमुख खाद्यान्न र तरकारीखेतीको प्रवर्द्धनका लागि अनुदानको व्यवस्था गर्ने, दुग्ध किसानको बाँकी बक्यौता यसै वर्षभित्र भुक्तानी गर्ने र विसं २०८१/०९१ लाई कृषि लगानी दशक घोषणा गर्ने प्रतिबद्धता सरकारले गरेको छ ।

त्यस्तै मध्यपहाडी राजमार्गलाई सूचना महामार्गका रुपमा विकास गर्ने, प्रधानमन्त्रीका अध्यक्षतामा शासकीय सुधार आयोग गठन गर्ने, निजामती सेवा कानुन र सार्वजनिक खरिद कानुन यही हिउँदे अधिवेशनमा पारित गर्ने, सर्वसहमतिमा शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउने पक्षमा सरकार रहेको देखिन्छ ।

संयुक्त सरकारको न्यूनतम साझा कार्यक्रमलाई केन्द्रमा राखेर मेलम्ची खानेपानी आयोजनाबाट दैनिक १७ करोड लिटर पानी एक महिनाभित्र सुन्दरीजलमा पुऱ्याइने, विदेशमा रहेका नेपालीलाई मतदान गर्न पाउने व्यवस्था मिलाइने, राष्ट्रिय परिचयपत्र र राहदानी प्राप्त गर्ने समयावधि छोटयाइने, वैदेशिक रोजगारीको प्रक्रियालाई पूर्ण अनलाइन गरी बैंकिङ प्रणालीसँग जोडिने तथा यसै वर्षभित्र सबै सरकारी कार्यालय, संस्थान र प्रतिष्ठानमा कार्यरत करार र ज्यालादारी कर्मचारीलाई सामाजिक सुरक्षाकोषमा आबद्ध गरिने प्रतिबद्धता गरिएको छ ।

छिमेकी देश भारतलाई १० हजार मेगावाट विद्युत् बिक्री गर्ने, नेपालबाट बङ्गलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्ने, तीन वर्षभित्र सम्पन्न गर्ने गरी १० हजार मेगावाट क्षमताको कर्णाली-चिसापानी सम्झौतामा हस्ताक्षर गर्ने, यसै वर्षभित्र करिब पाँच सय ६० मेगावाट विद्युत् उत्पादन गर्ने, राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजनामा एआइजडित ड्रोन प्रविधिबाट अनुगमन गर्ने र प्रधानमन्त्री कार्यालयबाट नियमित अनुगमनको व्यवस्था गर्ने तथा दुई अङ्कको आर्थिक वृद्धिको लक्ष्य राखी आवश्यक नीतिगत, कानुनी एवं प्रक्रियागत सुधार गर्ने दृढता सरकारले व्यक्त गरेको छ ।

सरकारले न्यूनतम साझा कार्यक्रममा प्रतिबद्धता गरेअनुसार संविधान कार्यान्वयन र सङ्घीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, लगानी प्रवर्द्धन, रोजगारी सिर्जना, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री प्रशासन, भ्रष्टाचार नियन्त्रणलगायत विभिन्न नीति, कानुन तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनाका साथै समग्र शासकीय सुधारका कार्यलाई उच्च प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

सङ्घीयतालाई सुदृढीकरण गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तथा विद्युतसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति प्राप्त भएको छ । यसैगरी शिक्षा, सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय र नेपाल विश्वविद्यालयसम्बन्धी विधेयक सङ्घीय संसद्मा पेस भएको छ ।

न्यूनतम साझा कार्यक्रमलाई मार्गदर्शनका रूपमा लिई दुर्गम क्षेत्रसहित देशभरका सामुदायिक विद्यालयमा अध्ययनरत सबै करिब ५२ लाख विद्यार्थीका लागि शैक्षिक

***बाँकी तीन पृष्ठमा***

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

# ‘सङ्घीय सरकारले प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गर्नुपर्छ’

हेटौँडा, १३ पुस (रासस)।
मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सङ्घीयतालाई दिगो र सबल तुल्याउन सङ्घीय सरकारले प्रत्येक प्रदेश सरकारलाई यथाशीघ्र अधिकार प्रत्यायोजित गर्नुपर्ने बताउनुभएको छ।

शुक्रबार मकवानपुरको हेटौँडामा आयोजित कार्यक्रममा उहाँले प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँट न्यायोचित ढङ्गबाट गरिनुपर्ने आग्रह गर्नुभयो।

मुख्यमन्त्री यादवले शुक्रबारै हेटौँडामा आयोजना गरिएको सातै प्रदेशका मुख्यमन्त्रीको बैठकले सङ्घीय सरकारलाई विभिन्न बुँदाको सुझावसहित प्रतिवेदन बुझाइने बताउनुभयो। उहाँले जनतालाई सङ्घीयता र गणतन्त्रप्रति जागरुक बनाउन तीनै तहका सरकार इमान्दारीपूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा नेपाल नगरपालिका महासङ्घका अध्यक्ष भीमप्रसाद ढुङ्गाना र नेपाल गाउँपालिका महासङ्घका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले सङ्घीयता र संविधानको मर्मअनुसार स्थानिय तहमा जनप्रतिनिधिलाई आफ्नो कार्यसम्पादन गर्न वर्तमान ऐन कानुनमा सुधार गर्नुपर्ने तथा सङ्घीय सरकारले स्थानीय निकायलाई उपेक्षा नगरी प्रदेश सरकार र स्थानीय सरकारलाई समान तरिकाले बजेट बाँडफाँट गरेर अघि बढ्न जरुरी रहेको उल्लेख गर्नुभयो।

यसैबीच तहगत ‘अधिकार कार्यविस्तृतीकरण’ विषयक अन्तर्क्रिया कार्यक्रमको समापनमा नेपाल सरकारका पूर्वमुख्यसचिव डा सोमलाल सुवेदीले वित्तिय तथा आर्थिक क्षेत्र र संविधानविद् काशीनाथ दाहालले तहगत सरकारको अधिकार विभाजन, सार्वजनिक सेवा, वन वातावरण तथा विपद् व्यवस्थापनसम्बन्धी विषयमा आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा सातै प्रदेशका प्रमुख सचिव, सातै प्रदेशका मुख्यन्यायधिवक्ता, प्रदेश नीतियोजना आयोग र बागमती प्रदेशका प्रदेशसभा सदस्यको सहभागिता थियो।

### सरकारको एक वर्ष : ...

सत्र सुरु हुनुअगावै निःशुल्क पाठ्यपुस्तक वितरण गर्न सफल वर्तमान सरकार मूलपानी क्रिकेट, गौतमबुद्ध रङ्गशाला र गिरिजाप्रसाद कोइराला क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी द्रुतगतिमा निर्माण गर्ने र एक लाख ५५ हजार खेलाडीलाई निरन्तर रूपमा आधारभूत तालिम प्रदान गरी शिक्षा तथा खेलकुद क्षेत्रलाई समेत प्राथमिकता दिने रणनीतिका साथ अघि बढेको छ।

यसैगरी वैदेशिक रोजगारीमा रहेका करिब पाँच लाखसमेत गरी करिब नौ लाख ६० हजार व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गरी राहत दिन सरकार सफल भएको छ। श्रमिकको न्यूनतम ज्याला रु १७ हजार तीन सय पुऱ्याइएको छ भने मिटरब्याज पीडितको समस्या समाधानका लागि आवश्यक कानुनसहित संयन्त्र निर्माण गरी समस्या समाधानका पक्षमा सरकार कर्तव्य निष्ठ देखिन्छ।

सङ्घीयता कार्यान्वयनमा देखिएका गाँठा तत्काल फुकाउने, सङ्घ, प्रदेश र स्थानीय तहको कार्यसम्पादनमा देखिएको दोहोरोपन र अस्पष्टता हटाउन कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन गर्ने, संविधान र प्रचलित कानुनहरूले मार्गनिर्देश गरेबमोजिम राज्यका नीति र दायित्वका साथै सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रममा समेटिएका विषयलाई शीघ्र र प्रभावकारी तवरमा कार्यान्वयन गरी नागरिकको विकास, सुशासन र समृद्धिका आकाङ्क्षालाई जतिसक्दो छिटो पूरा गर्ने प्रतिबद्धता सरकारले गरेको छ।

### ईपीएस परीक्षामा ...

दिइएको थियो।

उनीहरूले शुक्रबार नै आवेदन दिइसकेका छन्। तर बाँकीले आवेदन भर्न नपाएपछि आन्दोलन गरेका थिए। आन्दोलन चर्किँदै जाँदा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाको गाडीमा आगजनी गरेका थिए।

मन्त्रीको गाडीमा आगजनी गरेपछि प्रहरीले बल प्रयोग गरेको थियो। त्यस क्रममा दुई जनाको मृत्यु भएको छ। केही घाइते भएका छन्। करिब ५० जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैंं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## विश्व समाचार

### मेनमा पनि ट्रम्पलाई राष्ट्रपतिको प्रथम चरणको मतदानका लागि अयोग्य घोषित

सान फ्रान्सिस्को, १३ पुस (रासस/सिन्ह्वा)।
सन् २०२१ मा अमेरिकी संसद भवनमा भएको आक्रमणमा संलग्न भएको आरोपमा पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पलाई आगामी वर्ष हुने अमेरिकी राष्ट्रपतीय प्राथमिक (प्रथम चरण) को निर्वाचनमा अमेरिकी राज्य मेनको मतपत्रमा राख्नका लागि अयोग्य घोषित गर्ने निर्णय गरेको छ। सन् २०२० को निर्वाचन परिणाम उल्टाउने प्रयासमा अमेरिकी संसद् भवनमा गरेको हिंसामा आफ्ना प्रशंसकलाई उक्साउने काम गरेको ठहर गर्दै पूर्व राष्ट्रपति ट्रम्प मेन राज्यको रिपब्लिकन प्राइमरी निर्वाचनका लागि योग्य नरहने अदालतले फैसला गरेको मेनका स्टेट सेक्रेटरी शेना बेलोजले बताउनुभयो।

ट्रम्पको चुनावी अभियानले बेलोजको निर्णयविरुद्ध मेनको राज्य अदालतमा अपिल गर्ने बताएको छ र बेलोजले उक्त अदालती प्रणालीले यस मुद्दामा फैसला नगरेसम्म उक्त निर्णयलाई कार्यान्वयन गर्नु हुनेछैन। अन्त्यमा, देशको सर्वोच्च अदालतले ट्रम्प मेन र अन्य राज्यहरूमा मतपत्रमा समावेश हुने वा नहुने भन्नेबारे अन्तिम निर्णय गर्नेछ। कोलोराडो राज्यकी विदेशमन्त्री जेना ग्रिसवोल्डले कोलोराडो राज्यको सर्वोच्च अदालतले ट्रम्पविरुद्ध यसअघिको फैसलालाई सदर नगरेसम्म सन् २०२४ को राष्ट्रपतीय प्राइमरी निर्वाचनमा ट्रम्पको नाम यथावत रहने बिहीबार पुष्टि गर्नुभएको थियो।

कोलोराडो रिपब्लिकन पार्टीले एन्डरसनविरुद्ध कोलोराडो सर्वोच्च अदालतको फैसलाविरुद्ध अपिल गरेको छ। ग्रिसवोल्डले यससम्बन्धी आफ्नो धारणा राख्दै भन्नुभएको छ, “अमेरिकी सर्वोच्च अदालतले मुद्दा लिन इन्कार नगर्दा वा कोलोराडो उच्च अदालतको निर्णयलाई पुष्टि नगर्दासम्म दायर गरिएको अपिलको साथ, ट्रम्पलाई कोलोराडोको सन् २०२४ को राष्ट्रपतीय प्राइमरी निर्वाचनमा उम्मेदवारको रूपमा समावेश गरिनेछ।”

यद्यपि ग्रिसवोल्डले आफ्नो भनाइमा सन् २०२० को निर्वाचन र विशेष गरी जनवरी ६, २०२१ को अमेरिकी संसदमा भएको घटनालाई चौधौं संशोधनको धारा तीन अन्तर्गत उल्टाउने प्रयासका कारण ट्रम्प अयोग्य भएको बताउनुभएको थियो। पूर्व राष्ट्रपति ट्रम्पले आरोपको खण्डन गर्दै आउनुभएको छ। “ट्रम्प विद्रोहमा संलग्न हुनुहुन्थ्यो र कोलोराडोको संविधानअन्तर्गत निर्वाचनमा प्रतिस्पर्धाका लागि अयोग्य घोषित हुनुभएको थियो। कोलोराडोको उच्च अदालतले यसलाई सही ठहर गरेको छ। यो निर्णयविरुद्ध अहिले अपिल भइरहेको छ। म अमेरिकी सर्वोच्च अदालतलाई आगामी राष्ट्रपतीय प्राथमिक निर्वाचनलाई ध्यानमा राखेर छिटो कदम चाल्न आग्रह गर्दछु,” विज्ञप्तिमा भनिएको छ।

### श्रीलङ्कामा डिसेम्बरमा दश हजारभन्दा बढी व्यक्ति डेङ्गुबाट सङ्क्रमित

कोलम्बो, १३ पुस (रासस/सिन्ह्वा)।
श्रीलङ्कामा डेङ्गुका बिरामीको सङ्ख्या बढ्दै गएको र डिसेम्बरमा मात्रै १० हजारभन्दा बढी सङ्क्रमित भेटिएको राष्ट्रिय डेङ्गु नियन्त्रण एकाइ (एनडीसीयू) ले शुक्रबार जानकारी गराएको छ। एकाईका अनुसार डिसेम्बरमा १० हजार ५९० जनामा सङ्क्रमण देखिएको थियो भने नोभेम्बरमा डेङ्गु सङ्क्रमितको सङ्ख्या सात हजार ९९५ रहेको थियो। डेङ्गु सङ्क्रमितको सङ्ख्या अक्टोबरमा चार हजार १० र सेप्टेम्बरमा दुई हजार ६०५ रहेको राष्ट्रिय डेङ्गु नियन्त्रण एकाईले जानकारी गराएको छ। श्रीलङ्कामा यस वर्ष हालसम्म ८७ हजार ७८ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ भने ५५ जनाको मृत्यु भएको छ। कोलम्बो जिल्लामा सबैभन्दा बढी २१.१ प्रतिशत सङ्क्रमित भेटिएका छन्। श्रीलङ्काका स्वास्थ्य अधिकारीहरूले वर्षा याममा यो रोग फैलन सक्ने चेतावनी दिएका छन्।

### ‘अफगानिस्थान आगामी तीन बर्षमा आत्मनिर्भर हुने’

काबुल, १३ पुस (रासस/सिन्ह्वा)।
अफगानिस्तानका उद्योग तथा वाणिज्य मन्त्री नुरदिन अजिजीले सरकार आगामी तीन बर्षमा आत्मनिर्भता हासिल गर्न तत्पर रहेको बताउनु भएको छ। टोलो न्युजले बिहिबार मन्त्री अजिजीलाई उद्धृत गर्दै अफगानिस्तानले आगामी तीन बर्षमा लक्ष्य हासिल गर्ने तथा व्यापारिक सम्बन्धमा सुधार गर्ने जनाएको छ।

बिहीबार टोलो न्युजले आयोजना गरेको बहसलाई सम्बोधन गर्दै अजिजीले राष्ट्रिय राजस्वबाट बजेट जुटाउने तथा विदेशी सहयोग नचाहिने बताउनुभएको हो। अगस्ट २०२१ मा अफगानिस्तानबाट अमेरिकी सेनाको फिर्ता भएको थियो। अमेरिकी बैंकमा अफगानी केन्द्रीय बैङ्कको नौ अर्ब अमेरिकी डलरको सम्पत्ति राखेपछि अफगानिस्तानले कठोर आर्थिक समस्याको सामना गरिरहेको छ।

प्यानल बहसमा अजिजीले अफगानिस्तानले करिब ६० भन्दा बढी देशहरूमा निर्यात गरेको बताउदै प्रमुख निर्यात भारत, पाकिस्तान र चीन रहेको बताउनुभएको छ। आगामी दिनमा मध्य एसिया र रूसलाई लक्षित गर्न खोजिरहेको उहाँको भनाइ छ। अफगानिस्तानका प्रमुख निर्यात वस्तुहरूमा कोइला, केसर, फलफूल, गलैंचा, बहुमूल्य र अर्ध बहुमूल्य मणि तथा रत्नलगायतका कुराहरू पर्छन्।

# जनयुद्ध दिवस मानेर सार्वजनिक बिदा दिने निर्णयमा अदालतको रोक

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ पुस ।**

फागुन १ गतेलाई जनयुद्ध दिवसका रुपमा राष्ट्रिय पर्व मनाउने र सार्वजनिक बिदा दिने सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतले आदेश दिएको छ ।

द्वन्द्वकालमा पिता मारिएका माओवादी पीडित तथा अधिवक्ता रामेछापका ज्ञानेन्द्रराज आरण र कल्याण बुढाथोकीसहितले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै अदालतले फागुन १ लाई जनयुद्ध दिवस मानेर सार्वजनिक बिदा दिने निर्णयमा रोक लगाएको हो ।

न्यायाधीश आनन्दमोहन भट्टराई र महेश शर्मा पौडेलको संयुक्त इजलासले शुक्रबार सो आदेश दिएको हो । रिट निवेदकले माओवादीले युद्ध थालेको दिनलाई राष्ट्रिय दिवस मनाइँदा उनीहरुबाट मारिएका हजारौं द्वन्द्वपीडित र तीनका परिवारमाथि अन्याय हुने जिकिर गरेका थिए ।

अदालतले अवदेखि जनयुद्ध दिवसमा बिदा नदिन सर्वोच्चको आदेश दिँदै शान्ति प्रकृयाका कार्यभार पूरा नहुदै गरिएको सार्वजनिक बिदाले पीडितलाई थप पीडाबोध भएको व्याख्या गरेको छ । प्रचण्ड प्रधानमन्त्रीत्वको सरकारले गत वर्ष फागुन १ गतेदेखि जनयुद्ध दिवस मनाउने र सार्वजनिक बिदा दिने निर्णय गरेको थियो ।

# ‘कोशी प्रदेशमा मध्यावधि निर्वाचनको सम्भावना छैन’

मकवानपुर, १३ पुस (रासस) ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले कोशी प्रदेशमा मध्यावधि निर्वाचनको सम्भावना टरेको बताउनुभएको छ । कोशी प्रदेशमा वर्तमान सर्वदलीय सरकार नै निरन्तर चल्ने र आवश्यक विकास तथा सेवा प्रवाहको काम अघि बढ्ने उहाँले बताउनुभयो ।

हेटौँडामा शुक्रबार पत्रकार सम्मेलनमा मुख्यमन्त्री कार्कीले चाँडै नै प्रदेशमा रहेका दलको सहमतिमा कोशी प्रदेश सरकारले पूर्णता पाउने जानकारी गराउनुभयो । केही समयअघि जारी भएको बजेट अध्यादेशको प्रतिस्थापन विधेयकमा दलले दिएको समर्थनले प्रदेशमा क्रियाशील सबै दलको सहमतिमा पुष्टि गरेको उहाँको भनाइ छ ।

सङ्घीयता कार्यान्वयनको सवालमा कोशी प्रदेश सरकारले अगुवाइ गर्ने उहाँले बताउनुभयो । सङ्घीयता कार्यान्वयनका सवालमा कोशी प्रदेशले सशक्त भूमिका निर्वाह गरिरहेको र प्रदेशको संवैधानिक अधिकारका विषयमा आफू मुख्यमन्त्री बन्दा भएका घटनाक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको उहाँको भनाइ छ। सङ्घीय सरकार र सांसद लोकप्रियताका लागि जिम्मेवारीभन्दा बाहिरका काममा केन्द्रित भइरहेको उहाँले आरोप लगाउनुभयो ।

सङ्घीयताले आमनागरिकको आर्थिक सामाजिक रुपान्तरणमा खेलेको भूमिकालाई सङ्घीय सांसदले संसदबाट अनुमोदन गर्नुपर्ने भए पनि त्यसो हुन नसक्दा वर्तमान व्यवस्थामाथि नै धावा बोल्नेको भीड बढ्न थालेको उहाँले बताउनुभयो । सङ्घीय सरकार र प्रतिनिधिसभालाई दबाव दिएर प्रदेश सरकारले संविधानले व्यवस्था गरेको अधिकार खोसेर लिनुपर्नेमा मुख्यमन्त्री कार्कीले जोड दिनुभयो । यसका लागि हेटौँडामा छलफल भइरहेको र छलफलले सङ्घीय सरकार र संसद्लाई दबावमूलक सन्देश प्रवाह हुने उहाँको भनाइ छ ।

सङ्घीयता कार्यान्वयनका सवालमा प्रदेश सरकारले एकजुट भएर फरक शैलीबाट अघि बढ्ने उहाँले बताउनुभयो । “कोशी प्रदेशले केही हदसम्म त्यसलाई दबाव दिने र अधिकार लिने काम भएको छ । हेटौँडामा भइरहेको तहगत अधिकारको विस्तृतीकरणले फरक शैलीबाट अघि बढ्ने निर्णय गर्ने उहाँको विश्वास छ । जसले सङ्घीय सरकार र प्रतिनिधिसभालाई दवाव दिएर अधिकार विकेन्द्रीकरणका लागि घच्घच्याउने काम गर्नेछ”, उहाँले भन्नुभयो ।

# पुस १६ देखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने

काठमाडौँ, १३ पुस (रासस) ।

आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि नियुक्त निर्वाचन अधिकृतले यही पुस १६ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्दैछन् ।

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७ बमोजिम सात जिल्लाका जिल्ला न्यायाधीशलाई यही पुस १६ गतेदेखि लागू हुने गरी बिहीबार निर्वाचन अधिकृतका रुपमा नियुक्त गरेको थियो । ती अधिकृतले सम्बन्धित प्रदेशमा प्रदेश निर्वाचन कार्यालयअन्तर्गत निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नुपर्ने कार्यक्रम रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिनुभयो ।

आयोगले कोशी प्रदेशमा मोरङका दुर्गाप्रसाद ढुङ्गेल, मधेसमा धनुषाका नारायणप्रसाद सुवेदी, बागमतीमा मकवानपुरका महेन्द्रबहादुर कार्की, गण्डकीमा कास्कीका केशवप्रसाद बास्तोला, लुम्बिनीमा दाङका कृपासुर कार्की, कर्णालीमा सुर्खेतका विष्णुप्रसाद अर्याल र सुदुरपश्चिम प्रदेशमा कैलालीका जिल्ला न्यायाधीश ओमप्रसाद अर्याल नियुक्त गरेको छ ।

राष्ट्रियसभा निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ताको कार्यक्रम रहेको छ । आगामी फागुन २० गतेदेखि राष्ट्रियसभाका निर्वाचित १९ र मनोनीत एक गरी २० सदस्यको कार्यकाल सकिँदैछ । कार्यकाल सकिने एक महिनाअघि निर्वाचन भइसक्नुपर्ने कानुनी व्यवस्था छ ।

सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भुतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौं । तसर्थ कानका रोगीहरूले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ ।





**शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी**

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
Committed to the Prevention of Disability
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## “बालविवाह जिन्दगी तबाह”

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालवालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले विवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**
**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*